प्रति शेयर रु.१००/- अंकित दरको ९५,३५,७६०.९९ कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

श्री नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत भएको मिति २०७९/०४/०९ गते।

राधी विद्युत कम्पनी लिमिटेड
Radhi Bidyut Company Limited

त्रिपुरेश्वर-११, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४२३२७४८/०१-४२३२७४९
इमेलः info@radhibidyut.com.np / वेभसाइटः www.radhibidyut.com.np

१ कित्ता शेयर बराबर नयाँ १.४७५२ कित्ता शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मितिः २०७९/०६/०५ गते

निष्काशन बन्द हुने मितिः २०७९/०६/२५ गते
(बैंकिङ्ग समय पश्चात्)

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.६४,६४,०४,६२२.५० को एक शेयर बराबर नयाँ १.४७५२ शेयर (१ : १.४७५२) को अनुपातमा रु.१००/- अंकित दरका ९५,३५,७६०.९९ कित्ता हकप्रद साधारण शेयर मिति २०७९/०५/१० गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : राधी विद्युत कम्पनी लिमिटेड (Radhi Bidyut Company Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. ११, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौंमा रहेको छ।

३. कारोवार स्थान : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ्ग जिल्लाको साविक घेर्मु गा.वि.स. हाल मर्स्याङदी गाउँपालिका वडा नं. ५ मा रहेको छ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

कम्पनीको संक्षिप्त परिचय : कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।

- राधी विद्युत कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६२/०२/०५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ।
- मिति माघ ०३, २०७७ गते देखि संस्थापक शेयरको कारोबार रोक्का (लकईन पिरियड) समाप्त भई संसोधित नियमावलीको नियम ७ बमोजिम हाल कम्पनीको शेयर दोस्रो बजारमा कारोवार भई संस्थापक तथा सर्वसाधारण शेयरको एउटै समूहमा कारोवार भई रहेकोले शेयरको एकै समूह मात्र रहेको छ।
- यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७४ पौष ०३ गते देखि २०७४ पौष ०६ गते सम्म भएको र बाँडफाँड मिति २०७४ माघ ०३ गते भएको हो।
- यस कम्पनीको सहायक कम्पनी कसुवा खोला हाइड्रोपावर लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६७/०७/३० गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ। कम्पनीले ४५ MW कसुवा खोला जलविद्युत आयोजना अध्ययन तथा विकास गर्दैछ। कसुवा खोला हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ४५ मे.वा. कसुवा खोला हाइड्रोपावर प्रोजेक्टमा यस कम्पनीले आफ्नो नाममा ६०% स्वामित्व कायम रहने गरी हाल रु.३,११,४३,८००/- (अक्षरेपी तिन करोड एघार लाख तिर्चालिस हजार आठ सय मात्र) प्रति शेयर रु.१००/- दरका ३,११,४३८ कित्ता शेयर खरिद गरेको छ। सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन्।

डेभलपर	कसुवा खोला हाइड्रोपावर लिमिटेड
परियोजना स्थल	संखुवासभा स्थित मकालु गाउँपालिका
जडित क्षमता	४५ मे.वा.
डिजाइन डिस्चार्ज	१०.४२ m3/s
सुख्खायाममा उत्पादन हुने उर्जा (Peak)	७.५३ GWh
सुख्खायाममा उत्पादन हुने उर्जा (Non-Peak)	६९.९८ GWh
बर्षायाममा उत्पादन हुने उर्जा	१८०.५८ GWh
औषत बार्षिक उर्जा उत्पादन	२५८.१० GWh

- यस कम्पनी द्वारा लगानी गरिएको कम्पनी/आयोजना निम्न अनुसार रहेका छन्।

१. राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडद्वारा प्रवर्द्धित ५ मे.वा. रुकुम गड हाइड्रोपावर प्रोजेक्टमा यस कम्पनीले आफ्नो नाममा ४०.४८% स्वामित्व कायम रहने गरी हाल रु.१२,९०,००,०००/- (अक्षरेपी बाह्र करोड नब्बे लाख मात्र) प्रति शेयर रु.१००/- दरका १२,९०,००० कित्ता शेयर खरिद गरी उक्त कम्पनीको सञ्चालक समितिमा समेत प्रतिनिधित्व गरिरहेको छ। सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन्।

डेभलपर	राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
परियोजना स्थल	पूर्व रुकुम स्थित भूमे एवं सिस्ने गाउँपालिका
जडित क्षमता	५ मे.वा.
डिजाइन डिस्चार्ज	८.५ m3/s
सुख्खायाममा उत्पादन हुने उर्जा	५.०८ GWh
बर्षायाममा उत्पादन हुने उर्जा	२३.५ GWh
औषत बार्षिक उर्जा उत्पादन	२८.५८ GWh

२. दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडद्वारा निर्माणधिन १२ मे.वा. दोर्दी १ हाइड्रोइलेक्ट्रिक प्रोजेक्टमा यस कम्पनीले आफ्नो नाममा २१.६७% स्वामित्व कायम रहने गरी हाल रु.१६,४४,८८,८००/- (अक्षरेपी सोह्र करोड चौवालिस लाख अठासी हजार आठ सय मात्र) प्रति शेयर रु.१००/- दरका १६,४४,८८८ कित्ता शेयर खरिद गरी उक्त कम्पनीको सञ्चालक समितिमा समेत प्रतिनिधित्व गरिरहेको छ। सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन्।

डेभलपर	दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
परियोजना स्थल	लमजुङ्ग स्थित दोर्दी गाउँपालिका
जडित क्षमता	१२ मे.वा.
डिजाइन डिस्चार्ज	११.३६ m3/s
सुख्खायाममा उत्पादन हुने उर्जा	१०.२६ GWh
बर्षायाममा उत्पादन हुने उर्जा	५५.०६५ GWh
औषत बार्षिक उर्जा उत्पादन	६५.३२५ GWh

३. युनिभर्सल पावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित ११ मे.वा. तल्लो खारे खोला हाइड्रोपावर प्रोजेक्टमा यस कम्पनीले आफ्नो नाममा २.६५% स्वामित्व कायम रहने गरी हाल रु.५,५५,९२,६००/- (अक्षरेपी पाँच करोड पच्पन्न लाख बयानब्बे हजार छ सय मात्र) प्रति शेयर रु.१००/- दरका ५,५५,९२६ कित्ता शेयर खरिद गरेको छ। सो आयोजनासँग सम्बन्धित सँक्षिप्त विवरणहरु निम्न बमोजिम रहेका छन्।

डेभलपर	युनिभर्सल पावर कम्पनी लिमिटेड
परियोजना स्थल	दोलखा स्थित गौरीसंकर, बिगु तथा कालिञ्चोक गाउँपालिका
जडित क्षमता	११ मे.वा.
डिजाइन डिस्चार्ज	१०.१ m3/s
सुख्खायाममा उत्पादन हुने उर्जा	११.५२७ GWh
बर्षायाममा उत्पादन हुने उर्जा	५१.०२४ GWh
औषत बार्षिक उर्जा उत्पादन	६२.७३१ GWh

- नेपाल सरकार, जलस्रोत मन्त्रालयबाट मिति २०६५/०२/०९ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६८/०१/२८ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६७/०६८ वि.उ. ०४७) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/०१/२७ गतेसम्म बहाल रहनेछ।
- यस कम्पनीले मर्स्याङदी गाउँपलिका साविक घेर्मु गा.वि.स. १, २ र ३ लमजुङ्गमा राधी खोलाको पानी उपयोग गरी ४.४ मेगावाट क्षमताको राधी साना जलविद्युत आयोजना सफलता पुर्वक निर्माण सम्पन्न गरी २०७१ साल जेष्ठ ३१ गतेबाट व्यापारिक उत्पादन समेत सुरु गरि राष्ट्रिय ग्रीडमा बिक्री गरिरहेको छ।
- यस ४.४ मेगावाट क्षमताको राधी साना जलविद्युत आयोजना रु.६१.३२ करोडमा सम्पन्न भएको हो। प्रति मेगावाट उत्पादन लागत रु.१३.९ करोड रहेको छ। यस आयोजना ७५:२५ debt equity ratio मा निर्माण भएको हो। यस आयोजनाको वित्तीय परिसुचक निम्नअनुसार रहेको छ (NPV=NRs. 302.88 million, IRR=16.76%, B/C ratio=1.57, ROE=31.68%, Disc. Payback Peroid=7.62 yrs)।
- कम्पनीले निर्माण गरेको राधी साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६/१०/१८ गते विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भएको हो। उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८/१०/२७ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता समेत २०७१/०७/०३ गते सम्पन्न भैसकेको छ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :
  - क) राधी साना जलविद्युत आयोजनाबाट वार्षिक २६,२६७,५४३ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामका आठ महिनाको लागि २१,१७४,३६६ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ५,०९३,१७७ किलोवाट घण्टा निर्धारण गरिएको छ।
  - ख) मिति २०६६/१०/१८ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका आठ महिनाको लागि प्रति किलोवाट घण्टा रु.४.०० (चार रुपैंया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.७.०० (सात रुपैंया मात्र) तोकिएको छ र सुविधा सम्बन्धी सम्झौता मिति २०७१/०७/०३ अनुसार विद्युतको खरिद मुल्य वर्षायामका आठ महिनाको लागि प्रति किलोवाट घण्टा रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.८.४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ। यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएको आर्थिक बर्षलाई आधार मानि खरिद दरमा बार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिंदा हुन आउने खरिददर दिइने छ।
  - ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

कम्पनीका उद्देश्यहरु : कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

(१) साना विद्युत आयोजनाहरु अध्ययन गर्ने, योजना निर्माण गर्ने र विद्युत वितरण गर्ने।
(२) विद्युत एकमुष्ट खरिद गरी ग्रामीण र शहरी क्षेत्रमा बिक्री वितरण गर्ने र साना जलविद्युत आयोजना खरिद वा लिजमा लिई विद्युत बिक्री वितरण गर्ने।
(३) आवश्यक स्वीकृति लिई विद्युत योजनाको निर्माण गर्ने, विद्युत प्रसारण गर्ने, विद्युत वितरण गर्ने, तथा विद्युत खरिद बिक्री सम्झौता गर्ने।
(४) दक्ष तथा अदक्ष कामदार र प्राविधिक तथा अप्राविधिक जनशक्तिलाई नियुक्त गर्ने वा काममा लगाउने।
(५) आयोजना कार्यान्वयनको लागि आर्थिक श्रोतको बन्दोवस्त गर्ने।
(६) आवश्यक स्वीकृती लिई विदेशी दक्ष वा अदक्ष प्राविधिक जनशक्ति नियुक्त गर्ने वा काममा लगाउने।
(७) नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरी स्थानीय स्तरमा विद्युत वितरण गर्ने।
(८) विभिन्न जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।
(९) कम्पनीले व्यवस्थापकिय सेवा (Management Service) तथा आवश्यकता अनुसार अन्य परामर्श सेवा प्रदान गर्नेछ।

५. शेयर पूँजीको संरचना :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.२,५०,००,००,०००/- (अक्षरेपी दुई अर्ब पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २,५०,००,००० (दुई करोड पचास लाख)थान साधारण शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.६४,६४,०४,६२२.५०/- (अक्षरेपी चौसठ्ठी करोड चौसठ्ठी लाख चार हजार छ सय बाइस रुपैंया पचास पैसा मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ६४,६४,०४६.२२५ (चौसठ्ठी लाख चौसठ्ठी हजार छयालिस दसमलब दुई दुई पाँच) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत रु.९५,३५,७६,०९९/- (पन्चानब्बे करोड पैतिस लाख छयत्तर हजार उनान्सय रुपैया मात्र) मूल्य बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५९,९९,८०,७२१.५०/- (अक्षरेपी एक अर्ब उनान्साठी करोड उनान्सय लाख असी हजार सात सय एकाइस रुपैंया पचास पैसा) हुनेछ।

६. हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु.६४,६४,०४,६२२.५०/- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५९,९९,८०,७२१.५०/- कायम हुनेछ। कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरेपछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७७ माघ ०३ गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयर सरह खुल्ला रुपमा कारोवार भईरहेको छ।

७. संचालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम	पद	उमेर (वर्ष)	शैक्षिक योग्यता	ठेगाना	शेयर संख्या (कित्ता)	अनुभव	प्रतिनिधित्व संस्था
१.	श्री बिमेश मान पति	अध्यक्ष	३७	एम.बि.ए.	नेपालगन्ज-८, बाँके	-	• विभिन्न कलेजहरुमा ई.सं. २०१२-हाल सम्म Faculty Member को रुपमा कार्य गर्नुभएको • सि.ई.डि.बि. हाईड्रोफण्ड लि.मा ई.सं. २०१३-२०१६ सम्म सञ्चालकको रुपमा कार्य गर्नुभएको • सिटिजन्स बैंक इन्टरनेश्नल लि. ई.सं. २०१०-२०१३ सम्म ECC Head को रुपमा कार्य गर्नु भएको • Muncha.com मा ई.सं. २००८-२००९ सम्म Mall Merchant Executive को रुपमा कार्य गर्नु भएको • कोरियन ऐर (युनिभर्सल टुर एण्ड ट्राभल) ई.सं. २००७ मा अधिकृतको रुपमा कार्य गर्नुभएको।	खारे इन्भेष्टमेन्ट लिमिटेड
२.	श्री सिमरण रौनियार	संचालक	२५	बि.ई.-आई.टि.	काठमाण्डौ-११	१,०००	• Harvest Moon Group of Companies मा Head of Digital Marketing and Associate Internal Compliance and Documentation Executive भई हाल कार्य गरिरहनु भएको • Analogue Inc. मा ई.सं. डिसेम्बर २०२१-अप्रिल २०२२ सम्म Branding and Marketing Head को रुपमा भई कार्य गर्नु भएको • CG Holdings मा ई.स. अप्रिल २०२१-डिसेम्बर २०२१ सम्म Digital Marketing Strategist को रुपमा भई कार्य गर्नु भएको • Tab Labs Technologies मा ई.सं. जुन २०२०-जुन २०२१ सम्म Sales and Marketing Strategist को रुपमा भई कार्य गर्नु भएको • Bitwise Inc. मा ई.सं. अगस्ट २०१९-अप्रिल २०२० सम्म Trainee Programmer को रुपमा भई कार्य गर्नुभएको।	व्यक्तिगत शेयरधनी
३.	श्री पुनम कार्की क्षेत्री	संचालक	३५	पिजिडिएम मेजर हिउमेन रिर्सोस	कालोपुल, काठमाण्डौं	५८६	• ई.सं. २०१४ देखि हालसम्म Gandaki Energy Ltd. मा Human Resource & Quality Assurance Manager भई कार्य गर्नु भएको • ई.सं. २०१२ देखि २०१३ सम्म Mukesh Himatsingka Group मा Sr. HR. Officer भई कार्य गर्नु भएको • ई.सं. २००८ दखि २०११ सम्म Altius Consultants मा Sr. Recuiter भई कार्य गर्नुभएको।	साझे विद्युत कम्पनी लिमिटेड
४	श्री श्रेय राजभण्डारी	संचालक	४२	एम.बि.ए.	सितापाईला-१, काठमाण्डौं	१०,५०८	• Management Support Services (P) Ltd. ई.सं. २००७-हालसम्म निर्देशक, व्यापार विकासमा कार्य गर्नु भएको • Muthuri Housing Company ई.सं. २००७-हालसम्म निर्देशक भई कार्य गर्नु भएको • Mass Capital (P) Ltd. ई.सं. २००७-२०१३ सम्म निर्देशक तथा संचालक भई कार्य गर्नु भएको • First Insurance Co. of Hawaii (FICOH) ई.सं. अप्रिल २००६-डिसेम्बर २००६ सम्म Acturial Cooperative program मा कार्य गर्नु भएको • US Pacific Dev. LLC- ई.सं. जनवरी २००५-जुन २००५ Real Estate Intern भई कार्य गर्नु भएको • नेपाल सरकार सडक विभाग-ई.सं. २००२-२००३ सम्म सहायक इन्जिनियर भई कार्य गर्नुभएको।	व्यक्तिगत शेयरधनी
५.	श्री नितेश्वर प्रसाद कोइरी	स्वतन्त्र संचालक	६६	एम.एस.सि. ईन्जिनियरिङ	तिनकुने, काठमाण्डौं	-	• ई.सं. २०११ देखि २०१३ सम्म नेपाल विद्युत प्राधिकरणको हाइड्रो सेडिमेन्टोलोजि विभागमा कार्य गर्नु भएको • ई.सं. १९९७ देखि २००८ सम्म बाग्मती प्रशारण विभाग, बानेश्वरमा कार्य गर्नु भएको • ई.सं. १९९४ मा मध्यमर्स्याँग्दी जलविद्युत आयोजनामा कार्य गर्नु भएको • ई.सं. १९८४ देखि १९९२ सम्म नेपाल विद्युत प्राधिकरणमा सिभिल ईन्जिनियरको रुपमा कार्य गर्नुभएको।	स्वतन्त्र संचालक
६.	श्री रशना श्रेष्ठ	संचालक	२९	बि.बि.एस.	महापाल-१८, ललितपुर	-	• खारे इन्भेष्टमेन्ट लि.मा-ई.सं. २०१९-हालसम्म लेखा, व्यवस्थापक र कर्पोरेट अधिकृतको रुपमा कार्य गर्नु भएको • YUWA मा ई.सं. २०१६-२०१८ सम्म वरिष्ठ प्रशासन र वित्त अधिकृतको रुपमा कार्य गर्नु भएको • वाइसम्यान लेखा सर्भिसेस प्रा.लि.- ई.सं. २०१३-२०१६ सम्म एकाउन्ट एसोसिएटको रुपमा कार्य गर्नुभएको।	मोरङ्ग इनर्जी लिमिटेड

नोटः सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको व्यहोरा जानकारी गराईन्छ।

कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :

नाम : श्री ओम बहादुर थापा **ठेगाना** : सानोभर्याङ्ग, काठमाण्डौ **शैक्षिक योग्यता** : एम.एस.सि. - इन्जिनियरिङ म्यानेजमेन्ट, बि.ई. - इलेक्ट्रीकल

अनुभव : • ई.सं. २०१८ देखि हालसम्म राधी विद्युत कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्नु भएको • ई.सं. २०१७ देखि २०१८ सम्म सि.ई.डि.बि. हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा वरिष्ठ प्रबन्धक-प्रोजेक्ट डेभलपमेन्ट एण्ड मोनिटरिङ्गको रुपमा कार्य गर्नु भएको • ई.सं. २००९ देखि २०१७ सम्म भोटे कोशी पावर कम्पनी प्रा.लि.मा अपरेसन एण्ड मेन्टेनेन्स इन्जिनियरको रुपमा कार्य गर्नु भएको • ई.सं. २००८ देखि २००९ सम्म बुटवल पावर कम्पनी लिमिटेडमा इलेक्ट्रीकल इन्जिनियरको रुपमा कार्य गर्नु भएको • ई.सं. २००७ देखि २००८ सम्म चमोलिया जलविद्युत आयोजना (३० मे.वा.) मा इलेक्ट्रीकल इन्जिनियरको रुपमा कार्य गर्नु भएको।

८. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :

यस हकप्रद शेयर जारी गर्नुको मुख्य उद्देश्य यस संगठित संस्थाको सहायक कम्पनी कसुवा खोला हाईड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित मकालु गाँउपालिका, संखुवासभा जिल्लामा अवस्थित ४५ मे.वा. क्षमताको कसुवा खोला जलविद्युत आयोजनाको विकास तथा निर्माण गर्नु हो। उक्त आयोजनाको विकास तथा निर्माण कार्यको लागि हकप्रद शेयर मार्फत पूँजी जुटाई काम गर्न आवश्यक भएको हो।

९. संचालक समितिको बनौट :

नियमावलीको नियम २७ बमोजिम संचालक समितिको संरचना यस प्रकार हुनेछ :

(१) संचालकहरुको नियुक्ति वा निर्वाचन साधारण सभाबाट हुनेछ। तर स्वतन्त्र संचालकको नियुक्ति प्रचलित ऐन बमोजिम संचालक समितिबाट हुनेछ।
(२) यस कम्पनीमा १ (एक) जना स्वतन्त्र संचालक सहित ६ (छ) जनाको संचालक समिति हुनेछ। यसको गठन १ जना महिला सहित निम्नानुसार हुनेछ।
    (अ) शेयरधनीहरुको तर्फबाट ५ (पाँच) जना
    (आ) स्वतन्त्र संचालक १ (एक) जना
(३) संचालकहरुको कार्यकाल ४ वर्षको हुने छ तर यस नियमावलीका अन्य नियमहरुमा जुन सुकै कुरा उल्लेख भएता पनि संगठित संस्थाहरुबाट नियुक्त हुने संचालकको कार्यकाल त्यस्ता संगठित संस्थाहरुले चाहेको अवधि सम्म कायम रहने छ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

१०. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

हाल कायम रहेको चुक्ता पूँजी रु.६४,६४,०४,६२२.५०/- को साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर १.४७५२ शेयरको प्रति शेयर रु.१००/- का दरले जम्मा ९५,३५,७६०.९९ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर १.४७५२ शेयर प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन्।

१२. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा, यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" र "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ।

१३. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन्। उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु.१००/- कित्ताका दरले आवेदन दिन सक्नेछन्। यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ।

१४. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रकम रु.मा)

विवरण	वास्तविक			आ.व. ०७८/०७९ (आषाढ मसान्त)*	प्रक्षेपित		
	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८		आ.ब.०७८/०७९	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१
सम्पत्ति							
गैह्र चालु सम्पत्ति							
सम्पत्ति, मेसिनरी तथा उपकरण	५१७,८३२,१५५.२०	४९९,५३९,८८६.९१	४८०,०९३,३९०.११	४६०,५२२,२५३.६३	४६०,४८८,८१०	४४०,९३०,५४४	४२१,४१४,८४०
वित्तीय सम्पत्ति							
सहायक कम्पनीमा लगानी	-	-	३१,१४३,८००.००	३१,१४३,८००.००	३१,१४३,८००	९९०,५७६,०९९	१,०२७,५७६,०९९
सम्बद्ध कम्पनीहरुमा लगानी	३०३,११४,७५१.५२	३०५,००५,६२९.१०	३०५,६०६,३७०.७६	३२२,१५६,०८७.६९	३०५,६०६,३७१	३०५,६०६,३७१	३०५,६०६,३७१
अन्य पूँजीगत लगानी	५६,८७४,९६५.००	५६,६५१,९४५.००	५५,५९२,६००.००	५५,५९२,६००.००	५५,५९२,६००	५५,५९२,६००	५५,५९२,६००
अन्य गैह्र चालु सम्पत्ति	११,७४०,१४८.८३	१२,९८३,४६६.७५	१४,१०९,८८६.०६	१५,३३४,०८५.६०	१५,०७६,८००	-	-
डेफर्ड कर	-	-	-	-	-	-	-
जम्मा गैह्र चालु सम्पत्ति	८८९,५६२,०२०.५५	८७४,१८०,९२७.७६	८८६,५४६,०४६.९३	८८४,७४८,८२६.९२	८६७,९०८,३८१	१,७९२,७०५,६१४	१,८१०,१८९,९१०
चालु सम्पत्ति							
अन्तिम मौज्दात	५३४,१३४.२०	१,८५१,७३५.७६	६,५५२,७१९.८४	१४,६७५,०६१.८१	७,३७०,८९९	७,३७०,८९९	७,३७०,८९९
वित्तीय सम्पत्ति				-			
आसामी	५१,९५४,२४७.०९	७६,३९१,७५२.४१	७५,९५९,१६२.९५	८५,५३८,७२४.०७	९१,१२५,३९५	९१,७३६,१०५	९१,७३६,१०५
नगद र बैंक मौज्दात	२५,०७२,२३२.८५	१८,५६९,१२४.००	२५,६१७,५५५.१५	१६,५५५,४१७.७३	२०,४५६,११२	२४,१०६,७९६	१९,३५७,६९४
मुद्दती निक्षेपमा लगानी	३००,०००.००	३००,०००.००	१५,३००,०००.००	३०,३००,०००.००	३०,३००,०००	३०,३००,०००	३०,३००,०००
अन्य चालु सम्पत्ति	३,२४८,९५३.६५	५,६०२,८२५.५२	१३,९९४,७४९.२१	९,६७४,३६९.८८	१०,८२५,३८२	३,३१२,२०८	२,२२४,६६२
चालु कर सम्पत्ति	१,१७३,८८८.२०	६५१,३४३.९४	-	२६७,०९८.०५	-	-	-
जम्मा चालु सम्पत्ति	८२,२८३,४५५.९९	१०३,३६६,७८१.६३	१३७,४२४,१८७.१५	१५७,०१०,६७१.५४	१६०,०७७,७८८	१५६,८२६,००८	१५०,९८९,३६०
जम्मा सम्पत्ति	९७१,८४५,४७६.५४	९७७,५४७,७०९.३९	१,०२३,९७०,२३४.०८	१,०४१,७५९,४९८.४६	१,०२७,९८६,१६९	१,९४९,५३१,६२२	१,९६१,१७९,२७०
पूंजी तथा दायित्व							
पूंजी							
शेयर पूँजी	४७३,५५६,५००.००	४७३,५५६,५००.००	६४६,४०४,६२२.५०	६४६,४०४,६२३.००	६४६,४०४,६२३	१,५९९,९८०,७२२	१,५९९,९८०,७२२
जगेडा तथा कोषहरु	१०८,८००,४२८.९४	१८१,६०६,६१४.४१	७०,२९३,४०१.५६	१३३,६५२,०३६.३०	१३१,४०९,०५५	१८६,०६८,६४६	२४९,६८८,८१३
जम्मा पूंजी, जगेडा तथा कोषहरु	५८२,३५६,९२७.९४	६५५,१६३,११४.४१	७१६,६९८,०२४.०६	७८०,०५६,६५९.३०	७७७,८१३,६७७	१,७८६,०४९,३६८	१,८४९,६६९,५३४
दायित्व							
गैह्र चालु दायित्व							
वित्तीय दायित्व							
बैंक ऋण (दिर्घकालिन)	२७८,८३९,५८७.६८	२३९,७३९,७३५.३८	१९८,९५३,५८१.८२	१४८,०१७,०७८.६५	१४८,०८५,७३५	९७,३०९,२५४	४६,९४५,७५६
अन्य वित्तीय दायित्व	९८५,११२.४०	१,१६१,२६२.८५	१,१६१,२६२.८५	१,१६१,२६२.८५	९४४,६८५	-	-
व्यवस्थाहरु	-	१,०३४,९१९.६४	१,३१७,६५३.७३	१,३१७,६५३.७३	-	-	-
डेफर्ड कर	२,८०६,०७०.८०	३,५४०,४७१.६१	३,६९२,५६१.५५	७,९३३,७५१.८१	३,६९२,५६२	३,६९२,५६२	३,६९२,५६२
अन्य दायित्व	-	१५,०००,०००.००	-	-	-	-	-
जम्मा गैह्र चालु दायित्व	२८२,६३०,७७०.८८	२६०,४७६,३८९.४८	२०५,१२५,०५९.९५	१५८,४२९,७४७.०४	१५२,७२२,९८२	१०१,००१,८१५	५०,६३८,३१८
चालु दायित्व							
वित्तीय दायित्व							
बैंक ऋण (अल्पकालिन)	४७,४५१,३५१.००	४७,६९७,५६०.४७	५०,५८५,८९१.७४	५०,८७४,१६२.९२	५०,८६८,१०८	५०,७७६,४८१	५०,३०८,९९२
अन्य भुक्तानी गर्न बाँकी दायित्व	२,१२५,७१०.५५	१,४५३,९७६.०५	१,८९३,३६९.७०	१,६३६,२२७.०२	२,१३९,९४४	२,०२७,७३६	२,०८६,९९१
अन्य वित्तीय दायित्व	४,०३५,०९७.९०	४,५२४,३१७.०३	३,६२२,८९७.०६	३,८३६,१९३.८४	३,४३८,०२६	३,३८०,०१५	३,१८३,७०१
चालु कर दायित्व	-	-	१३८,५९४.१२	-	१,०१३,५४८	९८३,५७४	१,०६१,०४१
व्यवस्थाहरु	१,१३९,०८७.८८	१,४७८,४०३.२०	१,४५७,३५७.६६	१,२७४,९४२.५९	१,६१०,८६३	१,५८५,०३९	१,६८९,५०१
अन्य दायित्व	५२,१०६,५३०.३९	६,७५३,९४८.७६	४४,४४९,०३९.७९	४५,६५१,५६५.७५	३८,३७९,०२१	३,७२७,५९३	२,५४१,१९२
जम्मा चालु दायित्व	१०६,८५७,७७७.७२	६१,९०८,२०५.५१	१०२,१४७,१५०.०७	१०३,२७३,०९२.१२	-	-	-
जम्मा दायित्व	३८९,४८८,५४८.६०	३२२,३८४,५९४.९९	३०७,२७२,२१०.०३	२६१,७०२,८३९.१६	९७,४४९,५१०	६२,४८०,४३९	६०,८७१,४१८
जम्मा पूंजी तथा दायित्व	९७१,८४५,४७६.५४	९७७,५४७,७०९.३९	१,०२३,९७०,२३४.०८	१,०४१,७५९,४९८.४६	१,०२७,९८६,१६९	१,९४९,५३१,६२२	१,९६१,१७९,२७०

नाफा-नोक्सान हिसाब

(रकम रु.मा)

विवरण	वास्तविक			आ.व. ०७८/०७९ (आषाढ मसान्त)*	प्रक्षेपित		
	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८		आ.ब.०७८/०७९	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१
आम्दानी	१४६,१११,५९२.७२	१६०,३२९,३२३.४३	१२९,६९९,११४.२६	१३४,९६४,७९४.७८	१४२,२७३,१७७	१३८,५०८,१०५	१३८,५०८,१०५
बिक्री लागत							
संचालन खर्च	१५,७६१,६८०.६१	१९,०१४,१५९.८५	१६,७९१,२५८.४३	२२,४१३,१३४.६६	२१,७६४,७९१	२०,३४२,९९३	२१,०५४,०५३
कूल नाफा	१३०,३४९,९१२.११	१४१,३१५,१६३.५८	११२,९०७,८५५.८३	११२,५५१,६६०.१२	१२०,५०८,३८६	११८,१६५,११२	११७,४५४,०५२
ह्रास कट्टी	१९,६९६,०१०.१९	१९,७४१,८१७.८६	१९,६५४,९११.५२	१९,६३३,२८३.७१	१९,६०४,५८०	१९,५५८,२६६	१९,५१५,७०४
अन्य आम्दानी	२,०६३,०९५.२२	१,२७५,९६८.५७	४,६१७,०५६.८४	४,३५७,९२३.०५	५,४३८,५९४	४,२४७,७८८	५,३५९,६४०
प्रशासनिक खर्च	१८,१३९,५१४.५१	१५,७७३,३१८.८०	१३,९४६,७७४.८९	२०,१९१,०८७.३४	१८,३०५,५२१	१८,८३२,५३५	१९,४१४,१६१
स्थिर सम्पत्ति बिक्रीमा नाफा/(नोक्सान)	(३१,८५३.९०)	(४०५,२९०.८३)	-		-	-	-
संचालन नाफा	९४,५४५,६२८.७३	१०६,६७०,७०४.६६	८३,९२३,१४६.२५	७७,०८५,२१२.१३	८८,०३६,८७९	८४,०२२,०९९	८३,८८३,८२७
वित्तीय आम्दानी	३,९२८,८६१.८३	२,८८८,६७८.२२	२,६४७,८६३.८४	३,४९२,५२१.८४	२,९६९,०६५	३,५५२,९२८	३,८०८,४७६
वित्तीय लागत	४१,५२०,०९६.६९	३५,६३९,२२२.७१	२३,५१४,३३०.८९	२१,२२७,४२१.१३	१८,३२९,७९१	१६,६८९,७८४	११,९७७,१११
आयकर अधिको नाफा/(नोक्सान)	५६,९५४,३९३.८७	७३,९२०,१६०.१७	६३,०५६,६७९.२०	५९,३५०,३१२.८४	७२,६७६,१५२	७०,८८५,२४३	७५,७१५,१९१
आयकर खर्च					१,४२५,०२३	१,३८९,६०७	१,४८४,६१२
यस वर्षको आयकर	१,४७२,८२८.४१	१,०१८,४६१.१६	१,८२१,४१६.८५	८,३००,२०४.७५	-	-	-
डिफर्ड कर	(१२३,०९१.८२)	(३१७,४३६.४१)	(८५,७१५.७७)	१०३,७६१.०३	१०,१३५,४७६	९,८३५,७४५	१०,६१०,४१३
खुद नाफा	५५,३५८,४७३.६४	७२,५८४,२६२.६०	६१,१४९,५४६.५८	५०,९४६,३४७.०६	-	-	-
अन्य कम्प्रिहान्सिब आय :					६१,११५,६५३	५९,६५९,५९२	६३,६२०,१६६
खुद नाफामा समावेश नगरिएको अन्य कम्प्रिहान्सिब आयः							
क. इक्विटी इन्स्ट्रुमेन्टबाट भएको कम्प्रिहान्सिब आय	७,३७३,४८८.३२	१,६६७,८५७.५८	६००,७४१.६७	१६,५४९,७१६.९३	-	-	-
ख. पुनः वर्गीकरण नगरिने वस्तुको नाफा वा नोक्सानको कर	(१,८४३,३७२.०८)	(४१६,९६४.३९)	(६६,३७४.१७)	(४,१३७,४२९.२३)	-	-	-
कर पछिको अन्य कम्प्रिहान्सिब नाफा/(नोक्सान)	५,५३०,११६.२४	१,२५०,८९३.१८	५३४,३६७.५१	१२,४१२,२८७.७०	-	-	-
कर पछिको जम्मा कम्प्रिहान्सिब नाफा/(नोक्सान)	६०,८८८,५८९.८८	७३,८३५,१५५.७८	६१,६८३,९१४.०९	६३,३५८,६३४.७६	६१,११५,६५३	५९,६५९,५९२	६३,६२०,१६६

नोटः विगत तीन वर्षको लेखामान Nepal Financial Reporting Standards (NFRS) अनुरुप तयार गरिएको हो।
*०७८/७९ आषाढ मसान्तको लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण हुन्।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०	आ.ब.०८०/०८१
चुक्ता पूँजी (रु. हजारमा)	४७३,५५६.५०	४७३,५५६.५०	६४६,४०४.६२	६४६,४०४.६२	१,५९९,९८०.७२	१,५९९,९८०.७२
जगेडा कोष तथा संचित नाफा (रु. हजारमा)	१०८,८००.४३	१८१,६०६.६१	७०,२९३.४०	१३१,४०९.०५	१८६,०६८.६५	२४९,६८८.८१
जम्मा (नेटवर्थ)	५८२,३५६.९३	६५५,१६३.११	७१६,६९८.०२	७७७,८१३.६८	१,७८६,०४९.३७	१,८४९,६६९.५३
शेयर संख्या	४,७३५,५६५.००	४,७३५,५६५.००	६,४६४,०४६.२३	६,४६४,०४६.२३	१५,९९९,८०७.२२	१५,९९९,८०७.२२
प्रति शेयर नेटवर्थ (रु.)	१२२.९८	१३८.३५	११०.८७	१२०.३३	१११.६३	११५.६१
खुद नाफा (रु. हजारमा)	५५,३५८.४७	७२,५८४.२६	६१,१४९.५५	६१,११५.६५	५९,६५९.५९	६३,६२०.१७
नेटवर्थमा औषत प्रतिफल (%)	९.५१	११.०८	८.५३	७.८६	३.३४	३.४४
प्रति शेयर आम्दानी (रु.)	११.६९	१५.३३	९.४६	९.४५	३.७३	३.९८
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				८.४७		

नोटः कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री वाई.बि.एस. एण्ड एसोशियट्का चार्टड एकाण्टेण्ट श्री भरत सुबेदीले गर्नुभएको हो।

१५. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

(१) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
  - नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम नरहेको।
  - संचालनमा रहेको जलविद्युत केन्द्रमा वित्तीय जोखिम नरहेको।

(२) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।
(३) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने। नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।
(४) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Over Run) को जोखिम :** कम्पनीले आफुले निर्माण गरेको राधी साना जलविद्युत आयोजनाको व्यापारीक उत्पादन मिति जेष्ठ ३१, २०७१ मा शुरु भैसकेको हुनाले आयोजनामा मूल्य अभिबृद्धि (Cost Over Run) प्रकारको जोखिम नरहेको।
(५) **विदेशी विनिमयको जोखिम :** सो नभएको।
(६) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** सो नभएको।
(७) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मुल्यमा असर पर्न सक्ने जोखिम रहेको।
(८) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ।
(९) **सञ्चालन अनुभवको अभाव :** यस कम्पनीले आफ्नो कारोवार २०६५/०६/१३ गते देखि सञ्चालन गरेको हुदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब १४ वर्ष रहेको छ।
(१०) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु।
(११) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** कम्पनीले आफुले निर्माण गरेको राधी साना जलविद्युत आयोजनाको व्यापारीक उत्पादन मिति जेष्ठ ३१, २०७१ मा शुरु भैसकेको हुनाले आयोजनाको निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने प्रकारको जोखिम नरहेको।
(१२) **अन्य :**
  - प्राकृतिक प्रकोप तथा काबु बहिरका परिस्थितिको कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा
  - अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ।

(१३) **देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु :** सो नरहेको।
(१४) **पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु :** राधी विद्युत कम्पनी लि. नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई कारोबार गरिरहेको छ। कम्पनीको शेयरको बजार मुल्य लागत मूल्य तथा किताब मूल्य भन्दा अधिक छ।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :

नेपालमा उर्जा शक्तिको माग धैरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतमो लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ। जोखिम न्यूनिकरण गर्न बिमा समेत गरिएको छ।

सि.नं.	बिमालेखको प्रकार	बिमा कम्पनीको नाम	बिमाङ्क रकम (रु.)	बिमा अवधि	बिमा शुल्क(रु.)
१	लाभको हानी (मसिनरी ब्रेकडाउन) बीमालेख	प्रभु इन्स्योरेन्स लि.	१५,१६,६३,७५१.८५	जुन १०, २०२२ देखि जुन ०९, २०२३	९,२५,४७४.८१
२	मसिनरी ब्रेकडाउन बीमालेख	प्रभु इन्स्योरेन्स लि.	९,००,००,०००.००	जुन १०, २०२२ देखि जुन ०९, २०२३	९,१५,३२२.६०
३	सार्वजनिक दायित्व बीमालेख	प्रभु इन्स्योरेन्स लि.	३०,००,०००.००	जुन १०, २०२२ देखि जुन ०९, २०२३	१३,७५२.१०
४	सामान्य सम्पत्ति बीमालेख	प्रभु इन्स्योरेन्स लि.	५५,११,६९,७४५.५८	जुन १०, २०२२ देखि जुन ०९, २०२३	११,५२,२४२.९५
५	लाभको हानी (सम्पत्ति) बीमालेख	प्रभु इन्स्योरेन्स लि.	१५,१६,६३,७५१.८५	जुन १०, २०२२ देखि जुन ०९, २०२३	९,२५,४७४.८१

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रतिशेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. हकप्रद शेयर खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(क) स्वीकृत विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर १.४७५२ शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको कुल रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।
(ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(घ) दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।
(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।
(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।
(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।
(झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरी तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ।
(ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नु पर्नेछ।
(ट) रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

१७. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
२०७५/०७६	१८५	१४०	१४९	१,५४,२६२
२०७६/०७७	१८५	१६२	१७९	१,४९,७८२
२०७७/०७८	१३४०	४५५	७४६	८३,६२,७७१
महिना	**अधिकतम शेयर मूल्य (रु.)**	**न्यूनतम शेयर मूल्य (रु.)**	**अन्तिम बजार मूल्य (रु.)**	**शेयर कारोबार संख्या**
बैशाख	६९९	४९०.२	६६९	५४७६
जेष्ठ	६७५	५४५	५४६	४३१२
आषाढ	६००	४७३.४	५३८.५	५७१६

द्रष्टव्य : यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१८. शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र कम्पनीको संचालक समितिले हकप्रद शेयरको बाँडफाँड गरी सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

१९. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्वीकृत भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ।

२०. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

सो नभएको।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

मिति २०७९ बैशाख २३ गते विद्युत नियमन आयोगद्वारा राधी विद्युत कम्पनी लिमिटेडलाई कसुवा खोला हाइड्रोपावर लिमिटेडको कुल शेयर पूँजी रु.२ अर्व २० करोड ३ लाख १३ हजारको ५१% हिस्सा बराबरको रु.१ अर्व १२ करोड २१ लाख ५९ हजार ६३० मध्ये रु.९५,३५,७६,०९९ शेयर लगानी गर्न राधी विद्युत कम्पनी लिमिटेडको कुल चुक्ता पूँजीको रु.६४,६४,०४,६२२.५० को साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर १.४७५२ शेयरको हुने रकम रु.९५,३५,७६,०९९ बराबरको हकप्रद शेयर निष्काशन गर्न निम्न शर्तहरु सहित सहमति प्रदान गरिएको छ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ	MUKTINATH CAPITAL LTD-RADHI RIGHTS	०३५१०२००४०६५३२०००३१

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा २१ दिनका लागि खुल्ला राखिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

२४. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

	"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :
१.	श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ। वेभसाइट www.muktinathcapital.com
२.	श्री राधी विद्युत कम्पनी लिमिटेड, ब्लुस्टार, त्रिपुरेश्वर, काठमाण्डौ। वेभसाइट www.radhibidyut.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, काठमाण्डौ। वेभसाइट www.sebon.gov.np

	दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु :
१.	श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।
२.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरुः इटहरी, पोखरा-नागढुङ्गा, नारायणगढ, सुर्खेत, नेपालगञ्ज, धनगढी, विराटनगर, जनकपुर र लमजुङ्ग-बेसीशहर।
३.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री राधी विद्युत कम्पनी लिमिटेडको वेभसाइट www.radhibidyut.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com मार्फत हेर्न सक्नेछन्।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR]BBB-" रेटिङ्ग प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व पूरा गर्ने क्षमता औसतमा सुरक्षित रहेको जनाउँछ। सो रेटिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ। ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतीलाई जनाउँदछ। यसको अर्थ [ICRANP -IR] BBB- को स्थिती [ICRANP -IR] BBB भन्दा एक चिन्ह तल रहन्छ।

रेटिङ्ग प्रदान गरेको मितिः २०७८/०६/२०, रेटिङ्ग बहाल रहने अवधि मितिः २०७९/०६/१९

२६. संचालक तथा आधारभुत शेयरधनीहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ९,८५,७३,४४०.१६ रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौं वा फोन नं. ४५४६१०८/०९/४५४६४७० मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना



राधी विद्युत कम्पनी लिमिटेड
Radhi Bidyut Company Limited

हकप्रद शेयर खरीद दरखास्त फाराम

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

हकप्रद शेयर खरीद रसिद

Applicant's Name	
Company's Name	Radhi Bidyut Company Limited
No. of Shares Applied	Call Money per Share Rs.100 Amount Deposited
Amount in Words	

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
(A Subsidiary of Muktinath Bikas Bank Ltd.)

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com